# ९ ख्रीष्ट र शैतानको बीचमा चर्किरहेको महान विवाद र सुरुको चर्च

*__यस अध्यायका मूल पदहरू:__* प्रेरित १:६-८, प्रेरित २:५-१२, उत्पत्ति ११:१-९, प्रेरित ४:१-३०, प्रेरित ६:५४ र प्रेरित १०:१२-२९।

*__यस अध्यायको मूल पद:__* "पत्रुस र यूहन्ना सुरो भएर बोलेको अगुवाहरूले देखे। पत्रुस र यूहन्ना कुनै बिशेष औपचारिक तालिम हासिल नगरेका साधारण तथा सामन्य मानिसहरूभएको तिनीहरूले महसुस गरे। त्यसले गर्दा ती अगुवाहरू तिनीहरूदेखि छक्क परे। तर तिनीहरू येशूसँग रहेका भक्तहरू रहेछ भनेर निश्कर्ष निकाले" (प्रेरित ४:१३ रूपान्तरित)।

चेलाहरू आफ्नै धुन र धारणामा मस्ती भएकोले नै तिनीहरूलाई परिवर्तन गर्न येशूलाई सबभन्दा ठूलो समस्या भएको थियो। यदि येशू को हुनुहुनुपर्थ्यो भनेर आफूहरूको धारणामा येशू मिल्न पुगेन भने उहाँले सिकाउन दिन खोज्नुभएको शिक्षादीक्षामा तिनीहरूको ध्यान राम्रोसँग गएको थिएन। येशू स्वर्गमा नउत्रिज्ञेलसम्म पनि के उहाँले रोमीहरूको अत्याचारी शासनबाट इस्राएलीहरू मुक्त गर्नुहुनेछ कि भनेर तिनीहरूले उहाँलाई सोधेका थिए।

तर येशू स्वर्गमा उत्रिनुभएको दस दिन पछि मात्र जब चेलाहरू एकभएर सत्सङ्ग गरिरहेको बेलामा परमेश्वरको पवित्र आत्मा तिनीहरूमा आए र अनिमात्र तिनीहरूको मन परिवर्तन भयो र तिनीहरूमा सत्य आत्मज्ञानले भरिन थाले र  गलत ज्ञानलाई हटाउन थाले। अनि त्यसपछि मात्र ती चेलाहरूले परमेश्वरले भन्नुभएको कुरा सुन्न थाले। येशुको मृत्युपछि भएको अचम्मको पेन्टिकोस्टको घट्नाले परमेश्वर काम गर्न ढोका खुलिन पुगेको थियो।

तर चर्चले धेरै धेरै चुनौतीहरूको सामना गर्नुपरेको थियो। धेरै स्थानीय यहूदी अगुवाहरू इसाई भएतापनि तिनीहरू आफ्नै आफ्नै सोचमा अडिग थिए।

ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् बिबादको युद्ध बिभिन्न तरिकाहरूले कसरी छेडिरहेको छ भनेर हामीले यस अध्यायमा हेर्नेछौं। आधिकारिक व्यक्तिहरू वा शासन गर्ने अगुवाहरूलाई पनि सत्यलाई थिचोमिचो गर्न शैतानले कसरी परिचालन गर्न सक्दोरहेछ भनेर हामीले यस अध्यायमा नियाल्ने छौं। तर यथार्थमा ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् कलह वा

बैचारिक युद्धको महत्त्वपूर्ण तर गोप्य मुल थलो मानव हृदयको पनि पर्दाफास गर्नेछौं।

## १. नयाँ सुरुवातको सुरू (प्रेरित १:६-८)

आफ्नो पुनरुत्थानलाई प्रमाणित गर्न र परमेश्वरको राज्यको सही परिभाषा दिलाउन पुनरुत्थान पछि येशू आफ्ना चेलाहरूसँगको भेटघाटमा ४० दिन बिताउनुभएको थियो (प्रेरित १:३, १ कोरन्थी १५:४-७)। येशू स्वर्गमा उचालिनुभन्दा ठ्याक्कै अघि पनि चेलाहरूसँग भेटघाट भइरहेकै बेलामा तिनीहरूले उहाँलाई रोमी शासनको बिरुद्धमा लडेर तिनीहरूलाई जित्ने समय यही नै हो कि भनेर आफ्ना जिज्ञासा पोखाएका थिए (प्रेरित १:६)।

के हुनुपर्ने हो त्यही हुनुपर्ने भनेर आफ्नै सोचाइमा जिकिर गरिरहने बानीले गर्दा तिनीलाई येशूले के भनिरहनुभएको थियो सो तिनीहरूले सुन्नै मानेका थिएनन्। करिब तिन वर्ष छ महिनासम्म बिश्वले चिन्न पुगेको उत्कृष्ट गुरूसँग रहँदा कतिपय आत्मज्ञान सिकेतापनि अझ धेरै गलत धारणाहरू थिए जुन् तिनीहरूले परिमार्जित वा रद्द गर्नुपर्ने अझै थियो।

आफ्नो जिद्दिमा अडिग रहेर प्रश्न गर्ने चेलाहरूलाई येशूले कसरी जवाफ दिनुभयो? हेर्नुहोस् प्रेरित १:६-८ "६ यसकारण जब प्रेरितहरू भेला भए, तब तिनीहरूले उहाँलाई सोधे, "हे प्रभु, के तपाईंले इस्राएल राज्यको पुनर्स्थापन गरिदिनुहुनेछ?" ७ उहाँले तिनीहरूलाई भन्नुभयो, "पिताले आफ्नो अधिकारद्वारा तोक्नुभएको बेला वा समय जान्ने तिमीहरूको काम होइन। ८ तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ।"

चेलाहरूको गलत धारणालाई सच्याउन समय बिताउनुभन्दा बास्तविक मूल बिषयबस्तुमा ध्यान येशूले केन्द्रित गर्नुभएको थियो। परमेश्वरका जनहरूलाई पवित्र आत्माद्वारा शक्ति सम्पन्न गराउनु राजनैतिक छलफलभन्दा येशूको निम्ति महत्त्वको बिषय थियो।

जब येशू स्वर्गमा उत्रिनुभयो तब चेलाहरू छक्क परेर हेरिरहेका थिए त्यसबेला दुई व्यक्ति वा स्वर्गदूतहरू तिनीहरूको सामु उभिरहेको तिनीहरूले देखे। येशू फेरि फर्केर आउनुहुनेछ भनेर ती दूतहरूले चेलाहरूलाई आश्वास्त पारेका थिए। शैतानसँगको संघर्षमा बिजयी भएर आउनुभएको येशूलाई स्वर्गमा राजकिय सम्मानका साथ स्वागत गरेका थिए। जब उहाँ फेरि आउनुहुन्छ

त्यसबेला उहाँ राजाको स्वरुपमा आउनुहुनेछ। जब उहाँ आउनुहुन्छ तब त्यसबेला कुनै पनि मानिसहरूले सोचेको भन्दा ठूलो सपनालाई पार गरेर आउनुहुनेछ। उहाँ सारा सृष्टिको राजा भएर आउनुहुनेछ। उहाँ दक्षिण पूर्व एशियाको सानो भुभागको राजा भएर आउनु हुनेछैन।

जैतुन डाँडाबाट एघार जना चेलाहरू यरुशलेममा फर्के। तिनीहरूको हृदय र दिमाग येशूले सिकाउनुभएको सत्यले भरिएका थिए। येशूले के सिकाउनुभयो सो तिनीहरूले सम्झन थाले। तर तिनीहरूलाई दिमागमा हुने आत्मज्ञानमात्र होइन अरू केही बढि कुरोको खाँचो थियो। पवित्र आत्माले तिनीहरूलाई बप्तिस्मा नदिउञ्जेलसम्म केही दिनसम्म यरुशलेममा पर्खेर बस्न येशूले अऱ्हाउनुभयो। शत्रु शैतानलाई येशूले हराइसक्नुभएको थियो तर उसको अन्तचाहीँ भएको थिएन। अनि शैतानसँग मुकाबिला गर्न र येशूले दिनुभएको लक्ष्यलाई पूरा गर्न स्वर्गबाट शक्तिको आवश्यकता तिनीहरूलाई खाँचो थियो।

को भन्दा को ठूलो (मत्ती २०,२०-२४) भनेर हेक्कावाजी गर्ने चेलाहरूमा कस्तो भिन्नता ल्यायो जब तिनीहरूले येशूको निर्देशन पालन गरे। आफ्नो भाऊ खोज्ने खतरानक प्रवृत्तिबाट जोगिन हामी पनि के गर्नुपर्छ? पवित्र आत्माको बर्षा हामीमा हुनुभन्दा अघि हामी आफू ठूलो वा अगुवा हुन चाहनेलाई कसरी पन्छाउने? हेर्नुहोस् चेलाहरूले के गरे प्रेरित १:१४ "१४ कति जना स्त्रीहरू र येशूकी आमा मरियम अनि उहाँका भाइहरूका साथ यिनीहरू सबै एक मनका भएर निरन्तर प्रार्थना गरिरहन्थे।"

## २. पेन्टिकोस्टको चाडमा पवित्र आत्माको बर्षा (प्रेरित २:२,३)

पवित्र आत्माको प्रतिक्षामा रहेका चेलाहरूले तिन दिनसम्म एकमत भएर देहायका कामहरू गरेः (१) प्रार्थना (२) सबै जना एक भएर पवित्र धर्मशास्त्र पढिरहे र येशूसँग बिताएका समयहरूलाई स्मरण गरे (३) एक आपसलाई स्वीकार गरे र एक आपसमा भएको कुनै पनि भेदभावलाई हटाएर सदभावना कायम गरे (४) आखिरमा  सत्य आत्मज्ञानले प्रभाव पार्न एक पवित्र आत्मालाई आपसमा सुम्पे। सृष्टिको सुरूमा परमेश्वरको आत्मा गहिरोमा फैलिएका थिए। त्यसै गरि परमेश्वरको आत्मा ती चेला तथा एक भएर जम्मा भएका प्रत्येक एकसय बीस जना भक्तहरूको हृदयभित्र आगोको जिब्रोको रूपमा आएर खनिए (प्रेरित २:२,३)। त्यो नयाँ सुरूवाट थियो, नयाँ सृष्टि थियो।

उत्पत्ति ११:१-९सँग तुलना गरेर प्रेरित २:५-१२ पढ्नुहोस्। त्यहाँ के भइरहेको छ जसले महत्त्वपूर्ण सन्देश हामीलाई दिइन्छ? उत्पत्ति ११:१-९ "१ त्यस बेला जम्मै पृथ्वीमा एउटै भाषा र एकै खालको बोली थिए। २ मानिसहरू पूर्वतिर सर्दै जाँदा शिनार देशमा एउटा मैदान भेट्टाएर त्यहीं बसोबास गरे। ३ तिनीहरूले आपसमा भने, "लौ, हामीहरू ईंट बनाएर पोलौं।" ढुङ्गाको सट्टा ईंट र हिलोको सट्टा अलकत्रा तिनीहरूले प्रयोग गरे। ४ तब तिनीहरूले भने, "लौ, हामी आफ्नो निम्ति एउटा सहर र स्वर्गैसम्म पुग्ने एउटा धरहरा बनाऔं, अनि आफ्नो नाउँ राखौं र हामी पृथ्वीभरि जताततै नछरिऔं।" ५ मानिसहरूका सन्तानले बनाइरहेका सहर र धरहरा हेर्नलाई परमप्रभु तल ओर्लनुभयो। ६ अनि परमप्रभुले भन्नुभयो, "यदि एउटै भाषा बोल्ने एउटै जातिको स्थानमा अहिले यिनीहरूले यो गरे भने, अब तिनीहरूले योजना गरेको कुनै पनि कुरा असम्भव हुनेछैन। ७ आओ, तल ओर्लेर गई तिनीहरूको भाषा खलबल पारिदिऔं, र तिनीहरूले एक-अर्काको बोली नबुझून्।"

८ तब परमप्रभुले त्यहींबाट तिनीहरूलाई जम्मै पृथ्वीभरि तितरबितर पारिदिनुभयो, र तिनीहरूले त्यो सहर बनाउन छोड़िदिए। ९ यसकारण त्यसको नाउँ बाबेल* राखियो, किनभने परमप्रभुले त्यहीं नै सारा पृथ्वीभरिका भाषा खलबल पारिदिनुभएको थियो। त्यहींबाटै परमप्रभुले तिनीहरूलाई सारा पृथ्वीभरि तितरबितर पारिदिनुभयो।" र प्रेरित २:५-११ "१ जब पेन्तिकोसको दिन आयो, तिनीहरू सबै एकै ठाउँमा भेला भएका थिए। २ अनि स्वर्गबाट अचानक ठूलो बतासको झोक्काजस्तै एउटा आवाज आयो, र तिनीहरू बसेको पूरा घरै भरिदियो। ३ आगोका जिब्राहरूजस्ता तिनीहरूकहाँ देखा परे, र भाग-भाग भएर तिनीहरू हरेकमाथि बसे। ४ अनि तिनीहरू सबै जना पवित्र आत्माले भरिए, र पवित्र आत्माले तिनीहरूलाई दिनुभएको उच्चारणबमोजिम तिनीहरू अन्य भाषाहरूमा बोल्न लागे। ५ स्वर्गमुनि भएको हरेक देशबाट ईश्वरभक्त यहूदीहरू त्यस बेला यरूशलेममा बसेका थिए। ६ तब यो आवाज सुनेर भीड जम्मा भयो। तिनीहरू आश्चर्यचकित भए, किनकि हरेकले आफ्नो-आफ्नो भाषामा तिनीहरू बोलिरहेका सुन्यो। ७ तिनीहरू सबै आश्चर्यचकित भए, र अचम्म मानेर भन्न लागे, "के यी बोल्नेहरू सबै गालीलीहरू होइनन् र? ८ त कसरी तिनीहरू हरेकले हाम्रा आफ्ना मातृभाषामा बोलेको हामी सुन्छौं? ९ हामीहरू यहाँ पार्थीहरू, मादीहरू र एलामीहरू, र मेसोपोटामियाका, यहूदियाका, कापाडोकियाका, पोन्टस र एशियाका बासिन्दाहरू छौं। १० अनि

फ्रिगिया, पामफिलिया, मिश्र र कुरेनीमा पर्ने लिबियाका कतिपय क्षेत्रहरू र रोमबाट आएका यहूदी र यहूदी मत मान्नेहरू दुवै छौं, ११ क्रेटका बासिन्दाहरू र अरबीहरू पनि छौं, अनि हामी आ-आफ्ना भाषामा परमेश्वरका महान् कार्यहरूको चर्चा तिनीहरूले गरिरहेका सुन्दैछौं।" १२ तिनीहरू सबै आश्चर्यचकित भए र अन्योलमा परेर एउटाले अर्कालाई यसो भन्न लागे, "यसको अर्थ के हो?"

जल प्रलय भएको केही समयपछि यस संसारका मानिसहरूले यस्तो गगनचुम्बी धरहरा बनाउन थाले जसको टुप्पो स्वर्गसम्म पुग्नेछ भनेका थिए। सबै जना एक भएर त्यस भवन बनाउन थाले। तर त्यो मूर्ख र मानिसको अहँकारिता देखाउने काम नसिध्याउन परमेश्वरले हस्तक्षेप गर्नुभयो। तिनीहरूमा भएको साझा भाषालाई उहाँले गडबड बनाइदिनुभयो र सबै जना अलमल भए। अनि एक आपसले भनेका कुरा नबुझ्दा झर्का झर्की भयो र त्यो भवन बनाउने काम रोकेर यस पृथ्वीमा तिनीहरू तितर बितर भए।

तर पेन्टिकोस्टको समयमा परमेश्वरले त्यसको ठीक उल्टो काम गर्नुभयो। यहाँ येशूभक्तहरूले बाबेलको धरहरा बनाइरहेका थिएनन् भनेर परमेश्वरलाई थाहा थियो। त्यसकारण जब तिनीहरूले एकदिन यस संसारबाट दुष्ट सदाको निम्ति हटिजानेछन् भन्नेे खुशीको खबर त्यहाँ जम्मा भएका बिभिन्न देश तथा भाषाका मानिसहरूलाई सुनाए ती सबैले आआफ्नै भाषामा बुझ्न सकेका थिए।

त्यसबेला यरुशलेममा स्वर्गमुनि भएका प्रत्येक राष्ट्रका मानिसहरू त्यहाँ थिए। तर जब बाबेलको धरहरा बनाउन थालेका थिए त्यसबेला मानिसहरू संसारमा तितरबितर भएका थिए। जब ती अनपढ भनेर चिनिएका चेलाहरूले बोले र ती मानिसहरूले आआफ्नै भाषामा बुझ्न सफल भए तब तिनीहरू सबै छक्क परेका थिए।

तिनीहरूलाई येशूको बारेमा सुनाउने अवसर पत्रुसले भेट्टाउँछन्। त्यो अवसर नगुमाउने उनले तिनीहरूलाई प्रचार गर्दछन् र अझ पनि तिनीहरूले आआफ्नै भाषामा तिनीहरूले बुझ्न सकेको हुन्छ। परमेश्वरलाई भेट्नको निम्ति तयार पार्न कसरी पवित्र आत्माको बर्षा हुन्छ भनेर पुरानो करारमा उल्लेख गरेको भविष्यवाणीलाई पत्रुसले उदृध गर्दछन् (प्रेरित २:१७-२१)। अगमवाणीकै अनुसार आउनुभएको येशू, मसीह हुनुहुन्छ र उहाँको लक्ष्य के थियो भनेर सम्झाउँदै तिनीहरूले उहाँलाई क्रुसमा टाँगेकोले तिनीहरूलाई आरोप

**लगाउँछन् (प्रेरित २:२३)। आफूहरूले गरेको कुकृत्यप्रति तिनीहरू लाजले भुतुक्कै हुन्छन् (प्रेरित २:३७ रूपान्तरित)। अनि तिनीहरू पछुताव गर्छन्, मन परिवर्तन गर्छन् र बप्तिस्मा लिन्छन्। त्यसबेला तिन हजार जना यहूदीहरू येशूका चेलाहरूसँग बप्तिस्माद्वारा सहभागी हुन्छन् (प्रेरित २:४१)।**

शैतानकै चालबाजीले गर्दा कतिपय मानिसहरू येशूलाई क्रुसमा टाँग्न उक्सेका थिए। अब पवित्र आत्माको प्रभावले तिनीहरू येशूका अनुयायीहरू हुन्छन्। जतिसुकै खराब काम गरेतापनि र जतिसुकै निष्ठुर हृदयको भएतापनि आफूहरूलाई पवित्र आत्माको आवाजलाई सुन्न समर्पण गर्दा क्षमा पाइने रहेछ भन्ने परमेश्वरको शक्तिलाई हामीहरूले कसरी लिने?

## ३. सदुकीहरूसँग सामना (प्रेरित ४:१-३०)

प्रेरित ४:१-३०मा चेलाहरू र धर्मगुरूको बीचमा भएको चर्का चर्की उल्लेख गरिएको छ। यहाँ ख्रीष्ट र शैतानको बीचमा भएको द्वन्दलाई प्रतक्ष्य रूपमा देखाएको पाउँछौं। इसाई इतिहासमा ख्रीष्टको बिरोधमा लाग्ने घट्नाहरूमा त्यो केवल एउटा नमुनामात्र थियो। यहाँ धर्मगुरूहरूकै माझमा पनि येशूको बिरुद्धमा शैतानले काम गरिरहेको र प्रभुले पनि कसरी काम गरिरहनुभएको थियो भनेर देखाएको झलकलाई तपाईंले के भन्नुहुन्छ? हेर्नुहोस्: "१ पत्रुस र यूहन्ना मानिसहरूसँग बोल्दै नै थिए, पूजाहारीहरू, मन्दिरका कप्तान र सदुकीहरू तिनीहरूकहाँ आए। २ उनीहरू रिसाएका थिए, किनकि येशूमा पुनरुत्थान हुन्छ भन्ने कुरा तिनीहरूले मानिसहरूलाई सिकाउँदैथिए र घोषणा गर्दैथिए। ३ तब उनीहरूले यिनीहरूलाई पक्रे, र भोलिपल्टसम्म थुनामा राखे, किनभने त्यस बेला साँझ परिसकेको थियो। ४ तर वचन सुन्नेहरूमध्ये धेरैले नै विश्वास गरे, र विश्वास गर्ने मानिसहरूको संख्या प्रायः पाँच हजार भयो। ५ भोलिपल्ट यिनीहरूका शासकहरू, धर्म-गुरुहरू र शास्त्रीहरू यरूशलेममा भेला भएका थिए। ६ प्रधान पूजाहारी हन्नास, कैयाफा, यूहन्ना, अलेक्जेन्डर र प्रधान पूजाहारीका परिवारका जम्मै त्यहाँ थिए। ७ तिनीहरूले पत्रुस र यूहन्नालाई बीचमा खड़ा गराएर सोधे, "कुन शक्तिबाट अथवा कसको नाउँमा तिमीहरूले यो गरेका हौ?" ८ तब पवित्र आत्माले भरिपूर्ण भएर पत्रुसले तिनीहरूलाई भने, "मानिसहरूका शासक र धर्म-गुरु हो, ९ आज हामीले एक जना लङ्गड़ो मानिसप्रति एउटा असल काम गरेको विषयमा त्यो कुन उपायले निको पारियो भनेर प्रश्न गर्नुहुन्छ भने, १० तपाईंहरू सबैलाई र

इस्राएलका सारा मानिसलाई थाहा होस्, कि तपाईंहरूले क्रूसमा टाँग्नुभएको र परमेश्वरले मृतकबाट जीवित पार्नुभएका, उनै नासरतका येशू ख्रीष्टको नाउँमा यो मानिस तपाईंहरूका सामुन्ने निको भएर उभिएको छ। ११ 'यो त्यही ढुङ्गो हो, जो तपाईं, निर्माताहरूले इन्कार गर्नुभएको थियो, सो अहिले कुनाको शिर-ढुङ्गो हुन आएको छ।' १२ अरू कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरूमा अर्को कुनै नाउँ दिइएको छैन।" १३ जब तिनीहरूले पत्रुस र यूहन्नाको साहस देखे, र यिनीहरू अशिक्षित र साधारण मानिसहरू रहेछन् भनी थाहा पाए, तब तिनीहरू छक्क परे, र यिनीहरू येशूको साथमा रहन्थे भन्ने तिनीहरूले थाहा पाए। १४ तर निको भएको मानिसलाई यिनीहरूसँग उभिरहेको देखेर तिनीहरूले केही बोल्न सकेनन्। १५ यसैले यिनीहरूलाई महासभाबाट बाहिर जाने आज्ञा दिएर तिनीहरूले यसो भनी आपसमा मतो गरे, १६ "यी मानिसहरूलाई अब हामीले के गर्ने हो? किनभने साँच्ची नै यिनीहरूबाट एउटा अचम्मको काम भएको छ भन्ने यरूशलेमका बासिन्दा जम्मैलाई प्रकट भइसकेको छ, र हामी यो इन्कार गर्न सक्दैनौं। १७ तर यो कुरो जनतामा नफैलिओस् भनी 'फेरि यस नाउँमा कुनै मानिससँग तिमीहरू केही नबोल्नू' भनी हामीले यिनीहरूलाई चेताउनी दिनुपर्छ।" १८ अनि यिनीहरूलाई बोलाएर "अब उप्रान्त येशूको नाउँमा नबोल्नू र कुनै शिक्षा नदिनू" भनी तिनीहरूले आज्ञा दिए। १९ तर पत्रुस र यूहन्नाले तिनीहरूलाई उत्तर दिए, "परमेश्वरको कुरा सुन्नुभन्दा तपाईंहरूको कुरा सुन्नु परमेश्वरको दृष्टिमा ठीक हो कि होइन तपाईं आफै विचार गर्नुहोस्। २० किनकि हामीले देखेका र सुनेका कुराहरू हामी नबोली सक्दैसक्दैनौं।" २१ तिनीहरूले सजाय दिने केही उपाय नभएर यिनीहरूलाई अझ बढ़ी धम्काएर छोडिदिए, किनभने जे घटना घटेको थियो त्यसको निम्ति सबै मानिसहरूले परमेश्वरको प्रशंसा गरिरहेका थिए। २२ किनकि जुन मानिस आश्चर्य कामद्वारा निको पारिएको थियो, त्यसको उमेर चालीस वर्षभन्दा बढ़ी थियो। २३ छुटकारा पाएर तिनीहरू आफ्ना साथीहरूकहाँ आए, र मुख्य पूजाहारीहरू र धर्म-गुरुहरूले भनेका सबै कुराहरू उनीहरूलाई बताइदिए। २४ जब तिनीहरूले यो सुने, तब तिनीहरूले एकसाथ परमेश्वरतिर आफ्ना सोर उचाली भने, "हे प्रभु, जसले स्वर्ग, पृथ्वी, समुद्र र तिनमा भएका यावत् थोक बनाउनुभयो, २५ जसले पवित्र आत्माद्वारा आफ्ना सेवक हाम्रा पुर्खा दाऊदका मुखबाट भन्नुभयो, 'अन्यजातिहरू किन झोकिए, र मानिसहरूले व्यर्थका कुराहरू किन कल्पना

गरे? २६ परमप्रभुको विरुद्धमा र उहाँका अभिषिक्त जनको विरुद्धमा पृथ्वीका राजाहरू खड़ा भए, र शासकहरू एकसाथ भेला भए।' २७ किनभने साँच्चै तपाईंले अभिषेक गर्नुभएका, तपाईंका पवित्र सेवक येशूको विरुद्धमा हेरोद र पन्तियस पिलातस दुवै जना, अन्यजाति र इस्राएलीहरूसँग यसै सहरमा भेला भएका थिए। २८ त्यही गर्नलाई जे तपाईंको बाहुलीबाट र तपाईंको योजनाअनुसार अघिबाटै ठहराइएको थियो। २९ अब हे प्रभु, तिनीहरूका धम्कीमाथि नजर गर्नुहोस्, र तपाईंका दासहरूलाई पूरा साहससित तपाईंको वचन बोल्न दिनुहोस्, ३० र निको पार्नलाई तपाईंले आफ्नो बाहुली फैलाउनुहुँदा, आफ्ना पवित्र सेवक येशूको नाउँद्वारा चिन्ह र आश्चर्य कामहरू होऊन्।"

"चेलाहरूले आफूहरूलाई भन्दा येशूको ठूलो सम्मान गरेको र प्रशंसा गरेको धार्मिक गुरू र शासकहरूले देखे। सदुकी मतका यहूदीहरूले पुनरुत्थानलाई बिश्वास गर्दैनथे। जब प्रेरितहरूले येशूको पुनरुत्थान भयो भनेर बखान गर्दा तिनीहरू रिसले चुर भए। यदि अनेकन् अचम्मका कामहरू गरेर ती चेलाहरूले येशूको पुनरुत्थानको बारेमा प्रचार गरियो भने तिनीहरूले पुनरुत्थान हुँदैन भनेर सिकाउने शिक्षालाई कसैले पनि बिश्वास गर्दैन भनेर तिनीहरूले महसुस गरेका थिए। छोटो समयमै ती सदुकी धार्मिक सम्प्रदाय पूर्णरूपमा बिलाएर गएका थिए।" एलेन जी ह्वाइट, आक्टस् अभ आपोस्टल्स, पृ. ७८बाट रूपान्तरित।

प्रभुले पत्रुसद्वारा एक जना लङ्गडोलाई निको पारेकोले ती धार्मिक पण्डित र अगुवाहरू क्रोधित भएका थिए (प्रेरित ३:१-१०)। तर जब अगुवाहरूले चेलाहरूलाई येशूको नाउँमा केही नबोल्नु भनेर चेलाहरूलाई धम्कि सुनाएका थिए त्यसबेला तिनीहरूले आफूहरूलाई कमजोरी देखाएनन्। अशिक्षित र गुरूकुलहरूमा तालिम नलिएका चेलाहरू त्यस्तो सुरो होला भनेर तिनीहरूले अपेक्षा गरेका थिएनन्। (प्रेरित ४:१३)। चेलाहरूलाई बाहिर कोठाबाट निकालेर तिनीहरूलाई के गर्ने भनेर धर्मगुरूहरूले छलफल गरे। येशूको नाउँमा प्रचार नगर्न निर्देशन दिए तिनीहरूको पदको मर्यादा राखेर चेलाहरू कोमल भएर मान्ने छन् भनेर ती धर्मगुरूहरूले सोचेका थिए (प्रेरित ४:१८)। तर त्यो सोचाइ तिनीहरूको गलत थियो।

बरू ती चेलाहरू फर्केर गएर अरू चेलाहरूसँग मिल्न गए। तिनीहरू सबै जना मिलेर परमेश्वरको प्रशंसा र स्तुति गरे (प्रेरित ४:२९,३०)। तिनीहरू

धेरै बेर पर्खनु आवश्यक थिएन। ती चेलाहरू अत्यन्त लोकप्रिय हुन थाले। तिनीहरूको लोकप्रियताले गर्दा नै मानिसहरूले बिरामीहरूलाई कमसेकम पत्रुसको छायाँमात्र परेपनि तिनीहरू निको हुनेछ भनेर ल्याएका थिए (प्रेरित ५:१५)। नजिकको शहरबाट पनि धेरै मानिसहरूको ओइरो लागेका थिए र तिनीहरूका सबै बिरामीहरू पनि निको भएका थिए (प्रेरित ५:१६)।

ती माथि उल्लेख गरेका घट्नाहरूले ख्रीष्ट र शैतानको बीचमा कस्तो चर्काचर्की भएको पाउँछौं। आफ्नो भाऊ खोज्ने स्वार्थी र बेइमान शासक र धार्मिक अगुवाहरूले सत्यलाई लुकाउन खोजेका थिए। परमेश्वरमा आस्था राख्ने मानिसहरूले परमेश्वरको वचन पढ्छन् र त्यस अनुसार चल्न शक्ति पाउन परमेश्वरसँग प्रार्थना गर्छन्। धेरै बिरामीहरू निको भएका थिए र धेरै मानिसहरू येशूका भक्त हुन पुगेका थिए। चेलाहरूले अनुभव गरेका अनुकूलहरू हामीले अनुभव नगरौंला। तर अन्तमा ख्रीष्ट र शैतानको बीचको महान् बैचारिक युद्धमा ख्रीष्टले बिजय पाउनेछन् भनेर हामीले कहिलैपनि बिर्सनुहुँदैन। येशूलाई पकडि राखे अहिले हार खाएको जस्तो देखिएतापनि अन्तमा हाम्रै बिजय हुनेछ भनेर हामी ढुक्क हुनुपर्छ। येशूले आफ्नो जनको निम्ति के गर्नुभयो त्यसले नै हामीलाई बिश्वास दिलाउनुपर्छ।

## ४. येशूभक्त स्टिफनसलाई पत्थरले हानेर हत्या (प्रेरित ७:२-५३)

चर्चको सुरुवातमा धार्मिक गुरूहरूले चेलाहरूलाई मात्र आक्रमण गरेका थिएनन्। परमेश्वरमाथि आस्थामा जागरुत, पवित्र आत्माको शक्तिले सम्पन्न र मानिसहरूको बीचमा अनेकन् धेरै अचम्म र चिन्ह काम गर्ने स्टिफनस् पनि ती धर्मगुरूहरूको आक्रमणको शिकार भएका थिए (प्रेरित ६:८ रूपान्तरित)। उनको साक्षी यस्तो शक्तिशाली थियो कि उनका शत्रुहरूले उनको बिरुद्धमा झुठा कहानीहरू फैलाएका थिए। त्यही झुठा कहानीहरूलाई नै आधार मानेर उनलाई पक्रेर धार्मिक परिषद ल्याएको थियो (प्रेरित ६:९-१४)।

प्रेरित ७मा स्टिफनसले अत्यन्त शक्तिकासाथ येशूको साक्षि दिएको समावेश भएको छ। स्टिफनसलाई आरोप लगाउँदा उनीसँग उनलाई दोष लगाउनेहरूले स्पष्टिकरण मागेका थिए। उनले साक्षी दिंदा उनलाई सुन्नेहरूको हृदय छेडिएको थियो (प्रेरित ७:५४)। त्यसको अर्थ जब ती धार्मिक अगुवा तथा गुरूहरूले स्टिफनको भाषण सुने तब तिनीहरूको मन छोएको थियो र आफूले गरेको अन्यायप्रति तिनीहरू दोषी भएको अनुभव गरेका थिए। प्रेरित

२:३७-४१मा हामीले पाउँछौं कि पत्रुसलाई पनि त्यही दोषलगाउँदा उनले स्पष्टिकरण दिँदा ३,००० मानिसहरूको हृदय छोएको थियो र बप्तिस्मा लिएका थिए। पत्रुसलाई सुन्ने र स्टिफनलाई सुन्नेहरूको बीचमा के अन्तर थियो? परमेश्वरमा आफ्नो हृदय पूर्णरूपमा समर्पण गर्नुको अर्थ ती कथाहरूले हामीलाई कसरी बताउँछन्? हेर्नुहोस् प्रेरित ७ "१ तब प्रधान पूजाहारीले सोधे, "के यी कुरा ठीक हुन्?" २ तिनले भने, "दाजुभाइ र बुबा हो, सुन्नुहोस्। महिमाका परमेश्वरले हाम्रा पितामह अब्राहामलाई तिनी हारानमा बस्न अघि मेसोपोटामियामा छँदा दर्शन दिनुभएको थियो, ३ र तिनलाई भन्नुभएको थियो, 'तिमी आफ्नो देश र आफ्ना कुटुम्बबाट निस्केर, जुन देश म तिमीलाई देखाउँछु, त्यहाँ जाऊ।' ४ "तब तिनी कल्दीहरूको देशबाट निस्केर हारानमा आएर बसे, र तिनका पिताको मृत्यु भएपछि परमेश्वरले तिनलाई त्यहाँबाट यस मुलुकमा सार्नुभयो, जहाँ अहिले तपाईंहरू वास गर्नुहुन्छ। ५ तिनलाई त्यस ठाउँमा जायजात त परै जाओस्, पाइला राख्ने ठाउँसम्म पनि दिनुभएन। तर तिनको सन्तान नभए तापनि त्यो जायजात परमेश्वरले तिनका सन्तानदरसन्तानलाई निजी सम्पत्तिको रूपमा दिने प्रतिज्ञा गर्नुभयो। ६ परमेश्वरले यसरी भन्नुभयो, 'तिम्रा सन्तान अर्काको मुलुकमा गएर बस्नुपर्नेछ, र उनीहरूले तिनीहरूलाई कमारा तुल्याएर चार सय वर्षसम्म थिचोमिचो गरी राख्नेछन्।' ७ परमेश्वरले भन्नुभयो 'तर तिनीहरू जुन जातिका कमारा भएर बस्नेछन् त्यस जातिको इन्साफ म गर्नेछु। त्यसपछि तिनीहरू निस्किआएर यसै ठाउँमा मेरो आराधना गर्नेछन्।' ८ उहाँले तिनीसँग खतनाको करार बाँध्नुभयो, र अब्राहाम इसहाकका पिता भएर आठौं दिनमा इसहाकको खतना गरे। इसहाक याकूबका पिता भए, र याकूब बाह्रै कुलका पिता भए। ९ "कुलपतिहरूले योसेफसँग डाह गरेर तिनलाई मिश्रदेशमा बेचिदिए। तर परमेश्वर तिनीसँग हुनुहुन्थ्यो। १० परमेश्वरले तिनका सारा कष्टबाट छुटाएर मिश्रदेशका राजा फारोको सामुन्ने तिनलाई कृपा गर्नुभयो र बुद्धि दिनुभयो, र फारोले तिनलाई मिश्रदेश र उनका सारा घरका हाकिम तुल्याए। ११ "त्यसपछि सारा मिश्रदेश र कनानमा अनिकाल परेर ठूलो कष्ट भयो, र हाम्रा पुर्खाहरूले अन्न पाएनन्। १२ तर याकूबले मिश्रदेशमा अन्न छ भन्ने कुरा सुनेर हाम्रा पुर्खाहरूलाई पहिलो पल्ट त्यहाँ पठाए। १३ दोस्रो पटकको भेटमा योसेफले तिनका दाजुभाइहरूलाई आफ्नो परिचय दिए, र योसेफको परिवार पनि फारोकहाँ जाहेर भयो। १४ योसेफले आफ्ना बुबा याकूबलाई र आफ्ना जम्मै

कुटुम्बलाई, जो पचहत्तर प्राणी थिए, उनीकहाँ डाकिपठाए। १५ याकूब
मिश्रदेशमा गए, र त्यहीं उनको देहान्त भयो, र हाम्रा पुर्खाहरूको पनि त्यहाँ नै
देहान्त भयो। १६ त्यसपछि तिनीहरूका मृत शरीर शकेममा लगे, र
अब्राहामले शकेममा हमोरका छोराहरूबाट दाम तिरेर किनेको चिहानमा राखे।
१७ "तर जब परमेश्वरले अब्राहामलाई गर्नुभएको करार पूरा हुने समय नजिक
आयो तब मिश्रदेशमा ती मानिसहरू बढ्न लागे, र तिनीहरूको संख्यामा वृद्धि
भयो। १८ तब मिश्रदेशमा योसेफलाई नचिन्ने अर्का राजा खड़ा भए। १९
उनले हाम्रा जातिसँग धूर्तताको व्यवहार गरे, र हाम्रा पुर्खाहरूलाई तिनका
शिशुहरू बाहिर ल्याएर राख्न कर लाउँथे, र यसरी भर्खर जन्मेका सबै शिशुहरू
मर्थे। २० "यसै बेला मोशाको जन्म भयो। तिनी परमेश्वरको दृष्टिमा सुन्दर
थिए। तिनी तीन महिनासम्म आफ्ना पिताको घरमा पालिए। २१ तिनी बाहिर
फालिएपछि फारोकी छोरीले तिनलाई उठाएर लगिन्, र आफ्नै छोरा तुल्याएर
पालिन्। २२ मोशालाई मिश्रीहरूका सारा विद्यामा शिक्षा दिइन्थ्यो, र मोशा
आफ्ना वचन र काममा शक्तिशाली भए। २३ "जब तिनी चालीस वर्षका भए,
तब आफ्ना इस्राएली दाजुभाइहरूलाई भेट गर्ने इच्छा तिनको हृदयमा उठ्यो।
२४ आफ्ना जातभाइमध्ये एक जनामाथि अन्याय भइरहेको देखेर, तिनले
त्यसलाई रक्षा गरे, र त्यस अन्याय गर्ने मिश्रीलाई मारी आफ्ना भाइमाथि
भएको अत्याचारको बदला लिए। २५ परमेश्वरले मेरो हातबाट तिनीहरूको
उद्धार गर्नुहुन्छ भन्ने मेरा भाइबन्धुले बुझ्लान् भन्ने तिनले विचार गरेका थिए।
तर तिनीहरूले सो बुझेनन्। २६ भोलिपल्ट तिनीहरू नै आपसमा झगड़ा
गरिरहेको बेलामा तिनी आए, र तिनीहरूलाई मिलाउने कोसिस गरेर भने,
'मानिस हो, तिमीहरू त दाजुभाइ हौ, तब किन एउटाले अर्कालाई अन्याय
गर्छौ?' २७ "तर आफ्नो छिमेकीमाथि अन्याय गर्नेले तिनलाई यसो भनेर
घचेटिदियो, 'हामीमाथि हाकिम र न्यायकर्ता हुन तिमीलाई कसले नियुक्त गर्‍यो?
२८ हिजो त्यस मिश्रीलाई मारेजस्तो तिमी मलाई पनि मार्न चाहन्छौ?' २९
यस्तो जवाफ सुनेर मोशा भागेर मिद्यान देशमा गई प्रवासी भए। त्यहाँ तिनका
दुई छोराहरू जन्मे। ३० "चालीस वर्ष बितेपछि सीनै पर्वतको उजाड-स्थानमा
जलिरहेको पोथ्राको ज्वालामा एउटा स्वर्गदूत तिनीकहाँ देखा परे। ३१ जब
मोशाले यो देखे तब तिनी यस दर्शनले छक्क परे, र त्यो हेर्नलाई नजिक जाँदा
परमप्रभुको यस्तो वाणी भयो, ३२ 'म तिम्रा पुर्खाहरूका परमेश्वर हुँ– अब्राहाम,
इसहाक र याकूबका परमेश्वर।' मोशा काम्न लागे, र तिनले त्यतातिर हेर्नेसम्म

आँट गरेनन्। ३३ "तब परमप्रभुले तिनलाई भन्नुभयो, 'तिम्रा खुट्टाका जुत्ता
फुकाल, किनकि जुन स्थानमा तिमी खड़ा छौ, त्यो पवित्र स्थान हो। ३४
मिश्रमा भएका मेरा प्रजाको दुर्दशा मैले देखें, र तिनीहरूको बिलौना पनि सुनें।
तिनीहरूलाई छुटकारा दिन म ओर्लिआएको छु। अब आऊ, म तिमीलाई
मिश्रदेशमा पठाउनेछु।' ३५ "यही मोशा, जसलाई तिनीहरूले 'कसले तिमीलाई
हाकिम र न्यायकर्ता तुल्यायो' भनेर इन्कार गरेका थिए, तिनलाई परमेश्वरले
पोथ्रामा देखा पर्ने स्वर्गदूतद्वारा हाकिम र उद्धारकर्ता तुल्याएर पठाउनुभयो।
३६ यिनै मानिसले मिश्रदेशमा, लाल समुद्रमा र चालीस वर्षभरि उजाड-स्थानमा
उदेकका काम र चिन्हहरू गरिकन तिनीहरूलाई बाहिर ल्याए। ३७ "ती तिनै
मोशा हुन्, जसले इस्राएलीहरूलाई भनेका थिए, 'परमेश्वरले मलाई खड़ा
गर्नुभएजस्तै तिमीहरूका दाजुभाइहरूमध्येबाट तिमीहरूका निम्ति एक जना
अगमवक्ता खड़ा गर्नुहुनेछ।' ३८ यी तिनै मोशा हुन्, जो उजाड-स्थानमा भएको
समुदायमा स्वर्गदूतसँग थिए, जुन स्वर्गदूतले सीनै पर्वतमा र हाम्रा पुर्खाहरूसँग
बोलेका थिए, र तिनैले हामीलाई दिनका निम्ति जीवित वाणीहरू पाएका थिए।
३९ "हाम्रा पुर्खाहरूले तिनको आज्ञापालन गर्न इन्कार गरे। तिनीहरूले
तिनलाई पन्छाएर मिश्रदेशमै फर्केर जाने मन गरे। ४० तिनीहरूले हारूनलाई
यसो भने, 'हाम्रा अगिअगि लाग्ने कोही देवताहरू हाम्रा निम्ति बनाइदिनुहोस्,
किनकि हामीलाई मिश्रदेशबाट निकालेर ल्याउने यी मोशालाई के कसो भयो
हामी जान्दैनौं।' ४१ ती दिनमा तिनीहरूले एउटा बाछ्राको मूर्ति बनाए, र
त्यसमा बलि पनि चढ़ाए, र आफ्ना हातको काममा खुशी मनाए। ४२ तर
परमेश्वरले तिनीहरूलाई तिरस्कार गर्नुभयो, र तिनीहरूलाई आकाशका
तारामण्डलको उपासना गर्न छोडिदिनुभयो, जस्तो अगमवक्ताहरूका पुस्तकमा
लेखिएको छ, 'इस्राएलका मानिस हो, के तिमीहरूले चालीस वर्षसम्म उजाड-
स्थानमा मलाई पशुबलि र भेटीहरू चढ़ायौ? ४३ तिमीहरूले मोलोखको तम्बू र
रेफन देवताको तारा, र तिमीहरूले पुज्नलाई बनाएका मूर्तिहरू उठाइलग्यौ।
अब म तिमीहरूलाई बेबिलोनदेखि पारी निर्वासित गर्नेछु।' ४४ "उजाड-स्थानमा
हाम्रा पुर्खाहरूका गवाहीको मण्डप थियो। मोशाले देखेका नमूनाबमोजिम
परमेश्वरको आदेशअनुसार यो बनिएको थियो। ४५ हाम्रा पुर्खाहरूले पनि
उनीहरूको पालोमा अन्यजातिहरूको देश अधिकारमा ल्याउँदा यहोशूको साथमा
त्यो तम्बू ल्याए। दाऊदको पालोसम्मै त्यो त्यहीं रह्यो। ४६ तिनले
परमेश्वरको निगाह पाए, र याकूबका परमेश्वरको निम्ति एउटा वासस्थान

बनाउने अनुमति मागे। ४७ तर उहाँको निम्ति भवनचाहिँ सोलोमनले बनाए। ४८ "तर हातले बनाएका भवनहरूमा परमेश्वर वास गर्नुहुन्न, जस्तो अगमवक्ताले भनेका छन्, ४९ 'मेरो सिंहासन स्वर्ग हो, र पृथ्वी मेरो खुट्टाको पाउदान, तिमीहरूले मेरो निम्ति कस्तो भवन बनाउने हो? परमप्रभु भन्नुहुन्छ, मेरो विश्रामको ठाउँ कुन हो? ५० के यी सबै थोक मेरै हातले बनाएका होइनन् र?' ५१ "हे हठी मानिसहरू हो, कठोर हृदय र बहिरा कान भएका हो, तपाईंहरू सधैं पवित्र आत्माको विरोध गर्नुहुन्छ। तपाईंहरूका पुर्खाले जस्तो गरे तपाईंहरू पनि त्यस्तै गर्नुहुन्छ। ५२ अगमवक्ताहरूमध्ये कुनचाहिँलाई तपाईंहरूका पुर्खाहरूले सताएनन्? उनीहरूले धार्मिक जनको आगमन अघिबाटै घोषणा गर्नेहरू सबैको हत्या गरे। उहाँलाई तपाईंहरूले विश्वासघात गर्नुभयो, र उहाँको हत्या गर्नुभयो। ती सबैलाई मारे, जसले ती धार्मिक जनको आउने समाचार अगाडिदेखि नै सुनाएका थिए। अब तपाईंहरूचाहिँ उहाँकै विश्वासघातक र ज्यानमारा हुनुभएको छ। ५३ स्वर्गदूतहरूले सुम्पेको व्यवस्था तपाईंहरूले पाउनुभयो, तर त्यसको पालन गर्नुभएन।" ५४ जब तिनीहरूले यी कुरा सुने तब तिनीहरू क्रुद्ध भए र रीसले दाह्रा किट्न लागे। ५५ तर तिनले चाहिँ पवित्र आत्माले भरिपूर्ण भईकन स्वर्गतिर एकटक लाएर हेरे, र परमेश्वरको महिमा र येशूलाई परमेश्वरको दाहिनेपट्टि उभिरहनुभएको देखे। ५६ तिनले भने, "हेर, स्वर्ग उघ्रेको म देख्छु, र मानिसको पुत्रलाई परमेश्वरको दाहिनेपट्टि उभिरहनुभएको म देख्तछु।" ५७ तर तिनीहरू उच्च सोरले कराई उठे, र आ-आफ्ना कान थुने, र तिनीहरू एकसाथ तिनीमाथि झम्टे। ५८ तिनीहरूले तिनलाई सहर बाहिर निकाली लगे, र तिनीमाथि ढुङ्गा बर्साए। र साक्षीहरूले आफ्ना वस्त्रहरू शाऊल नाउँ भएको एक जना युवकका खुट्टानेर राखे। ५९ जसै तिनीहरूले स्तिफनसमाथि ढुङ्गा हानिरहेका थिए, तिनले प्रार्थना गरे, "हे प्रभु येशू, मेरो आत्मालाई ग्रहण गर्नुहोस्।" ६० तिनले घुँडा टेकेर ठूलो सोरले कराएर भने, "हे प्रभु, यो पापको दोष यिनीहरूलाई नलागोस्।" यति भनेर तिनले प्राण त्याग गरे।"

**धर्मगुरूहरूलाई चुनौति दिएपनि प्रेरितहरू अहिलेसम्म बच्न सकेका थिए। तर जब स्टिफनले त्यही गर्न कोशिष गरेको थियो तब तब रिसले चुरभएको हुलले उनलाई ढुङ्गामुढा गरेर हत्या गरे। नयाँ आस्थाको अभियानलाई संगठित रूपमा आक्रमण गरेर निर्मुल पार्ने शैतानको कदमको सुरुवात स्टिफनसको मृत्युबाट देखाएको थियो। यसबेलासम्म येशूका भक्तहरूको**

बिरुद्धमा बोलेका थिए र धम्कि दिएका थिए। तर येशूलाई आस्था राखेको कारण शहीद हुनेमा स्टिफनस पहिलो व्यक्ति थियो।

तर येशूलाई पछ्याउनेहरूले यस संसारमा के अपेक्षा गर्न सक्दछन् र? यदि केही धार्मिक अगुवाहरूलाई उक्साएर येशूलाई मार्न शैतान सफल हुन्छ भने उहाँका अनुयायीहरूलाई पनि त्यही दुर्व्यवहारको शिकार बनाउन शैतान लाग्दा छक्क किन पर्नु?

हुन त ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् बिबादको युद्धमा उहाँका पक्षमा उभिनेहरूले हार खाएको देखिएतापनि बराबर कुनै न कुनै रूपमा प्रभुले बिजय ल्याउनुभएको थियो। स्टिफनसको मामिलामा पनि केही फरक छैन।

"इसाईहरूप्रति आक्रामक शैली लिएर अग्रज भूमिका खेलेकोले स्टिफनसको मृत्युपछि सावललाई (पावल) सानहिद्रन वा यहूदी धर्मशभाको सदस्य बनाइएको थियो। केही समय त परमेश्वरको पुत्रको बिरोधी भएर उहाँका अनुयायीहरूलाई आक्रमण गराउन शैतानले सावललाई एक प्रभाकारी हतियारको रूपमा प्रयोग गरेको थियो। तर छिट्टै, शैतानको हातमा रहेर येशूका अनुयायीहरूको आतङ्ककारी तथा आक्रमणकारी जिद्दिवाल बनेका सावल उनले भत्काउन खोजेको चर्चको निर्माण गर्न परमेश्वरले चुन्नुभएको थियो। स्टिफनसको ठाउँ लिन येशूले सावललाई चुन्नुभएको थियो। यत्रतत्र सर्वत्र येशूको रगतले मुक्ति पाउँछ भन्ने सुसमासाचार सुनाउन, उहाँको निम्ति र उहाँको नाउँमा कष्ट भोग्न उनलाई येशूले नियुक्त गर्नुभएको थियो।"-एलेन जी ह्वाइट, *द आक्टस् अभ आपोस्टल्स,* पृ. १०२बाट रूपान्तरित।

खराब परिस्थितिबाट कहिलेकाहीँ असल कुरा निस्केको हामी पाउँछौं। त्यो सराहनीय कुरो हो। तर खराब तत्व वा परिस्थितिबाट खराब बाहेक अरू केही निस्केन भने त्यसबेला हामीले के गर्ने? अझ झन झन परिस्थिति खराब हुँदा हामीले त्यसलाई कसरी सम्हालेर बस्ने?

## ५. मनोस्थितिमा परिवर्तन वा मन परिवर्तन (प्रेरित १०:१२-२९)

चेलाहरूले आफूहरूमा भएका धारणाहरूसँग संघर्ष गरिरहेको कारण येशूले के सिकाइरहनुभएको थियो सो बुझ्न तिनीहरूलाई मुश्किल भएको थियो। आफूहरू यहूदी भएको कारणले तिनीहरूमा आफूहरूमात्र शुद्ध जात भन्ने राष्ट्रिय अहँ भावनाले पनि तिनीहरू पिरोलिएका थिए। येशूले सामरी महिलासँग पानी

माग्नुहुँदा उनको प्रतिक्रियाले त्यसको पुष्टि गर्दछ। येशूले पानी माग्नुहुँदा उनी छक्क परेकी थिइन् किनकि ×यहूदीहरू सामरीसँग घुलमिल गर्दैनन्" (यूहन्ना ४:९ रूपान्तरित)।

अरू राष्ट्र तथा जातिहरूको खिलाफमा यहूदी जातिको पूर्वाग्रह पनि सिजराको गोरा बिदेशी रोमी कप्तानको कथाले छर्लङ्ग पार्दछ। कर्नेलियस परमेश्वरप्रति आस्थावान् थियो र बिश्वासीलो थियो" (प्रेरित १०:२)। स्थानीय बासिन्दाहरूले पनि उनलाई ठूलो आदर गर्दथे (प्रेरित १०:२२)। योप्पामा रहेका पत्रुसलाई बोली पठाउन एक जना स्वर्गदूतले उनलाई अऱ्हाएका थिए (प्रेरित १०:३,८,२२)।

त्यसैवखत पत्रुस एक जना मानिसको घरमा पाहुना भएर बसेको बेलामा बिहानीपख उनी प्रार्थना गर्न घरको छानामाथि गएका थिए (प्रेरित १०:९)। घामको छायाँमा बस्दै समुद्रको ताजा हावा खाइरहेका पत्रुस भोकले उनी सुत्छन् किनभने घरका मानिसहरूले उनको निम्ति खाना तयार पारिरहेका थिए। त्यसबेला उनी अचम्मको स्वप्न दर्शन देख्छन्। स्वर्ग खोलिएको हुन्छ र स्वर्गबाट चारकुनामा डोरीले बाँडिएको तन्ना तल झर्छ। त्यस तन्नामा धेरै थरिका जीवजन्तुहरू थिए जुन् पत्रुसको निम्ति अशुद्ध थियो। तर तिनीहरूलाई मारेर खान परमेश्वरले पत्रुसलाई अऱ्हाउँछन् (प्रेरित २२:१११४)।

जब पत्रुसलाई स्वप्नदर्शनमा ती जन्तुहरूलाई मारेर खाऊ भन्छन् त उनको प्रतिक्रिया कस्तो थियो? त्यसको अर्थ के हो? हेर्नुहोस् प्रेरित १० "१ कैसरियामा कर्नेलियस नाउँका एक जना मानिस थिए, जो इटालिया भन्ने पल्टनका एक कप्तान थिए। २ तिनी ईश्वरभक्त थिए, र तिनी र तिनको सारा परिवारले परमेश्वरको भय मान्थे। तिनले मानिसहरूलाई उदारतासाथ दान दिई परमेश्वरलाई सधैं प्रार्थना गर्थे। ३ तिनले दिउँसो तीन बजेतिर दर्शनमा स्पष्ट रूपले परमेश्वरका एउटा स्वर्गदूत आफूतर्फ आएर यसो भनिरहेका सुने, “कर्नेलियस!” ४ भयभीत भएर तिनले उनलाई नियालेर हेरे र भने, “प्रभु, भन्नुहोस्।” अनि उनले तिनलाई भने, “तिम्रा प्रार्थना र गरीबहरूलाई दिएका दान सम्झनाको रूपमा परमेश्वरको सामने पुगेका छन्। ५ अब मानिसहरूलाई योप्पामा पठाऊ, र पत्रुस भनिने सिमोनलाई बोलाइपठाऊ। ६ तिनी चर्मकार सिमोनकहाँ बसेका छन्, जसको घर समुद्रको किनारमा छ।” ७ जब तिनीसँग बोल्ने स्वर्गदूत बिदा भए, तब तिनले आफ्ना नोकरहरूमध्ये दुई जना र निरन्तर तिनको सेवा-टहल गर्ने एक जना भक्त सिपाहीलाई बोलाए, ८ र तिनीहरूलाई

सबै कुरा बताएर योप्पामा पठाए। ९ भोलिपल्ट तिनीहरू आफ्नो यात्रामा
त्यस सहरको नजिक आइपुग्दा, दिउँसो बाह्र बजेतिर पत्रुसचाहिँ प्रार्थना गर्न
घरको कौसीमा उक्ले। १० तिनी भोकाए, र तिनले केही खाने मन गरे, तर
अरूहरूले भोजन तयार गरिरहेको बेला तिनी ध्यान-मग्न भए। ११ तिनले
स्वर्ग उघ्रेको र त्यहाँबाट चारै कुनामा बाँधिएको तन्नाजस्तो केही पृथ्वीतिर
झरिरहेको देखे। १२ त्यस तन्नामा पृथ्वीका सबै किसिमका चारखुट्टे जनावर
र घस्रने प्राणी र आकाशका चराचुरुङ्गीहरू थिए। १३ तब तिनले एउटा
आवाज सुने, "ए पत्रुस उठ, र मारेर खाऊ।" १४ तर पत्रुसले भने, "होइन प्रभु,
किनभने मैले कहिल्यै केही अपवित्र वा अशुद्ध थोक खाएको छैनँ।" १५ त्यो
आवाज फेरि दोस्रो पल्ट तिनले सुने, "परमेश्वरले जे शुद्ध गर्नुभएको छ
त्यसलाई तिमी अपवित्र नठान।" १६ तीन पल्टसम्म यस्तो भयो, र तुरुन्तै त्यो
तन्ना स्वर्गतिर लगियो। १७ जब पत्रुस आफूले देखेको यो दर्शनको अर्थ के
होला भनेर मनमनै अन्योलमा परेका थिए, त्यति नै बेला कर्नेलियसले पठाएका
मानिसहरू सिमोनको घर खोज्दै ढोका अगाडि खड़ा भए, १८ "पत्रुस भनिने
सिमोन यहाँ बसेका छन् कि?" भनी उच्च सोरमा सोधे। १९ जब पत्रुस
दर्शनको विषयमा विचार गरिरहेका थिए तब पवित्र आत्माले तिनलाई भन्नुभयो,
"हेर, तीन जना मानिसले तिमीलाई खोज्दैछन्। २० उठ, र तल जाऊ, र
नहिचकिचाईकन तिनीहरूका साथ लाग, किनभने तिनीहरूलाई मैले पठाएको
हुँ।" २१ तब पत्रुस ओर्ले, र ती मानिसहरूकहाँ गएर भने, "हेर, तिमीहरूले
खोजेको मानिस मै हुँ। तिमीहरू यहाँ आएको कारण के हो?" २२ तिनीहरूले
भने, "एक जना कप्तान कर्नेलियस, जो सोझा र परमेश्वरसँग डराउने र सारा
यहूदी जातिबाट सम्मान पाएका व्यक्ति हुनुहुन्छ, तपाईंलाई उहाँको घरमा
बोलाइपठाउने र तपाईंबाट सन्देश सुन्नू भनी एउटा पवित्र स्वर्गदूतबाट
उहाँलाई आदेश मिलेको छ। २३ तब तिनले तिनीहरूलाई भित्र बोलाएर
तिनीहरूको सत्कार गरे। भोलिपल्ट पत्रुस उठेर तिनीहरूसँग गए, र योप्पाका
कतिपय भाइहरू तिनको साथ लागे। २४ पर्सिपल्ट तिनीहरू कैसरिया पुगे।
आफ्ना कुटुम्बहरू र घनिष्ठ मित्रहरूलाई बोलाएर जम्मा गरी कर्नेलियस
तिनीहरूको बाटो हेरिरहेका थिए। २५ जब पत्रुस भित्र आए तब कर्नेलियसले
तिनीसँग भेट गरी तिनका पाउ परी दण्डवत् गरे। २६ तर पत्रुसले उनलाई
यसो भन्दै उठाए, "उठ्नुहोस्, म आफै पनि त मानिस नै हुँ।" २७ तब तिनी
उनीसँग कुरा गर्दै घरभित्र गए, र त्यहाँ तिनले धेरै जना जम्मा भएका भेट्टाए।

२८ तब पत्रुसले तिनीहरूलाई भने, "अरू जातिसँग सङ्गत गर्नु, अथवा
तिनीहरूलाई भेटघाट गर्नु एक यहूदीको लागि कति अनुचित हो भन्ने कुरा
तपाईंहरूलाई थाहै छ, तापनि परमेश्वरले मलाई कुनै मानिसलाई अपवित्र
अथवा अशुद्ध नठान्नू भनी देखाउनुभएको छ। २९ यसैकारण डाक्ने बित्तिकै
केही आपत्ति नजनाई म तपाईंहरूकहाँ आएँ। तपाईंहरूले मलाई किन
डाक्नुभयो? अब भन्नुहोस्।" ३० तब कर्नेलियसले भने, "चार दिनअघि प्रायः
यही समय घरमा म तीन बजेको प्रार्थना गरिरहेको थिएँ, तब चहकिलो पोशाक
पहिरेका एक जना मानिस मेरो सामुन्ने खड़ा भए, ३१ र भने, 'कर्नेलियस,
परमेश्वरको सामुन्ने तिम्रो प्रार्थनाको सुनाइ भएको छ, र तिमीले गरीबहरूलाई
दिएका दानको सम्झना भएको छ। ३२ यसकारण योप्पामा मान्छे पठाएर
पत्रुस भनिने सिमोनलाई बोलाइपठाऊ । तिनी समुद्रको किनारमा चर्मकार
सिमोनको घरमा बसेका छन्।' ३३ तब मैले तुरुन्तै तपाईंकहाँ मानिस पठाएँ,
र तपाईं कृपापूर्वक आउनुभयो। अब प्रभुबाट तपाईंलाई आज्ञा भएका सबै
कुराहरू सुन्न हामी सबै परमेश्वरको सामुन्ने यहाँ उपस्थित छौं।" ३४ तब
पत्रुसले बोल्न थाले, "साँच्ची नै म देख्तछु, कि परमेश्वरले पक्षपात गर्नुहुन्न, ३५
तर हरेक जातिमा जो उहासँग डराउँछ, र उचित काम गर्छ, त्यो उहाँको
सामुन्ने ग्रहणयोग्य हुन्छ। ३६ परमेश्वरले इस्राएलीहरूलाई पठाउनुभएको
सन्देश, अर्थात् ख्रीष्टद्वारा प्रचार गरिएको शान्तिको सुसमाचार तपाईंहरूलाई
थाहा छ। (उहाँ नै सबैका प्रभु हुनुहुन्छ।) ३७ यूहन्नाले प्रचार गरेको
बप्तिस्मापछि, गालीलदेखि सुरु गरेर सारा यहूदियाभरि प्रचार गरिएको वचन
यही हो, ३८ कि परमेश्वरले नासरतका येशूलाई पवित्र आत्मा र शक्तिले
अभिषेक गर्नुभयो। उहाँ सुकर्म गर्दै र दियाबलसबाट पेलिएकाहरूलाई निको
पार्दै हिँड्नुभयो, किनकि परमेश्वर उहाँको साथमा हुनुहुन्थ्यो। ३९ "अनि
उहाँले यहूदीहरूको देशमा र यरूशलेममा गर्नुभएका सबै कुराका हामी साक्षी
हौं। उहाँलाई तिनीहरूले काठमा झुण्ड्याएर पनि मारे। ४० उहाँलाई नै
परमेश्वरले तेस्रो दिनमा जीवित पारी उठाउनुभयो, र उहाँलाई प्रकट
गराउनुभयो, ४१ सबै मानिसलाई होइन, तर हामी जसलाई परमेश्वरले साक्षीको
रूपमा छान्नुभयो, र उहाँ मृतकबाट जीवित हुनुभएपछि हामीले उहाँसँग
खानपान गर्‍यौं। ४२ उहाँले हामीलाई जनतामा प्रचार गर्न, र उहाँ जीवित र
मृतकहरूका न्यायकर्ता हुनलाई परमेश्वरद्वारा नियुक्त हुनुभएको व्यक्ति हुनुहुन्छ
भन्ने गवाही दिनलाई आज्ञा गर्नुभएको छ। ४३ सबै अगमवक्ताहरूले उहाँको

गवाही दिएका छन्, कि उहाँमाथि विश्वास गर्ने प्रत्येकले उहाँको नाउँद्वारा पाप-क्षमा पाउँछ।" ४४ पत्रुसले यी कुरा बोल्दाबोल्दै वचन सुन्ने सबैमाथि पवित्र आत्मा ओर्लनुभयो। ४५ अन्यजातिहरूमाथि पनि पवित्र आत्माको वरदान खन्याइएको देखेर पत्रुसको साथमा आउने यहूदी विश्वासीहरू आश्चर्यचकित भए। ४६ किनकि अन्य भाषामा बोलेर तिनीहरूले परमेश्वरको प्रशंसा गरिरहेका उनीहरूले सुने। तब पत्रुसले भने, ४७ "हामीझैं पवित्र आत्मा पाउने यिनीहरूलाई पानीको बप्तिस्मा हुनदेखि कसले मनाही गर्न सक्छ?" ४८ अनि तिनले तिनीहरूलाई येशू ख्रीष्टको नाउँमा बप्तिस्मा दिनू भनी आज्ञा गरे। तब तिनीहरूले पत्रुसलाई केही दिन त्यहीँ रहनुहोस् भनी अनुरोध गरे।

**उपरोक्त दर्शनमा परमेश्वरले पत्रुसलाई एक महत्त्वपूर्ण पाठ सिकाउनुभएको थियो। कतिपयले त, ल परमेश्वरले शुद्ध अशुद्ध खानेकुरा नियमको बारेमा उहाँले परिवर्तन गर्नुभयो र जसले जे खाएपनि हुन्छ भनेर बहाना गरेर हसुरेको हुन्छ। तर पत्रुसले पाएको दर्शनमा त्यो अर्थ थिएन। पहिला त आफू नै त्यो दर्शनको अर्थ के हो भनेर छक्क पर्दछन्। पहिलो दर्शनमा उनी आफै बुझ्न सकेका थिएनन् (प्रेरित १०:१७)। जब कर्णेलियसका दूतहरू आएर पत्रुसलाई भेट्छन् आफूहरू आएको कारण बताउँछन् तब तिनीहरूसँग पत्रुस जान निर्णय गर्छन् (प्रेरित १०:२२,२३)। जब पत्रुसले कर्णेलियसलाई भेट्दछन् तब आफूले पाएको दर्शनको बारेमा कर्णेलियसलाई बताउँछन्। त्यसबेला ख्रीष्ट केवल यहूदीको मात्र होइन सारा संसारको उद्धारकर्ता हुनुहुन्दोपोरहेछ भनेर पत्रुसले महसुस गर्दछन्। अन्य जाति वा बिदेशी जाति भनेर छुट्टेर बसेकाहरूको निम्ति पनि येशू मर्नुभएकोले तिनीहरू पनि परमेश्वरको सामु अमूल्य आत्मा हुन् भनेर पत्रुसले पत्ता लगाउँछन् (प्रेरित १०:३४,४८)।**

**जुन् आत्मज्ञान पत्रुसले पाएका थिए त्यो हामी सबैले पाउनु आवश्यक छ। मानिस मानिसको बीचमा हुने कुनै पनि भेदभावको पर्खाल येशूले भत्काउनुभएको छ। यहूदी गैर यहूदी, छुत अछुत देशीबिदेशीको बीचमा कुनै पनि अन्तर छैन। "प्रत्येक देशका मानिसहरूलाई परमेश्वरले ग्रहण गर्नुहुन्छ। जसले उहाँको सम्मान् गर्छ र जुन् सही छ त्यहीलाई मानेर जो चल्छ त्यसलाई परमेश्वरले ग्रहण गर्नुहुन्छ" (प्रेरित १०:३५ रूपान्तरित)।**

हामी सबै जना ख्रीष्टमा एक छौं भनेर बिश्वास गर्नु असल कुरो हो। बाइबलले त्यही नै सिकाउँछन्। दुर्भाग्यवस, चर्चमा समेत त्यसले मान्यता

नपाएको देखिएको छ। प्रथमतः हामीमा भएका पूर्वाग्रहहरूलाई कसरी चिन्ने? दोस्रोमा, परमेश्वरको शक्तिले त्यसबाट हामी कसरी मुक्त हुने?

**उपसंहारः**

थप जानकारीः रूसको प्रशिद्ध लेखक फियोदर **डोस्टोइभस्कीले यस संसारमा येशूको दोस्रो आगमनको बारेमा लेखेका थिए। तर त्यो बाइबल अनुसार व्याख्या नगरेर काल्पनिक रूपमा लेखिएको थियो। मध्यकालिन् युगमा रोमन क्याथोलिक अगुवाहरूले पापीहरूको पाप क्षमा गर्न सक्ने अधिकार छ भनेर उपरोक्त चर्चले इजाजत दिएको हुन्थ्यो। यदि कुनै मानिसले ती अगुवा वा फादरहरूलाई पैसा दिएर पाप क्षमा मागिन्नथ्यो भने त्यसलाई भारी सजायँ दिइन्थ्यो। एक दिन एक जना त्यस्तै अधिकार पाएको न्यायधिसकहाँ येशू एक गरिब पैसा नभएको साधारण व्यक्ति भएर आउनुभएको थियो। त्यस गरिबले पैसा दिन नसक्दा उसलाई पक्रिएर झ्यालखानामा राख्न दिएको थियो। त्यस रात त्यो न्यायधिस गरिबको रूपमा आउनुभएको येशूलाई झ्यालखानामा भेट्न आएर र बेस्सरी गाली गरे। मानिसहरूलाई आत्मनिर्णयको स्वतन्त्रता येशूले दिनुभएकोले उहाँप्रति त्यो न्यायधिस रुष्ट भएका थिए। उनले भने "मानिसहरूबाट तिनीहरूको स्वतन्त्रता तपाईं येशूले आफ्नो हातमा नलिइकन तपाईंले तिनीहरूलाई किन त्यो दिनुभयो जसले गर्दा तिनीहरू अझ बढि स्वतन्त्र हुन पुगे? जे असल वा खराब छ त्यो थाहा पाउनुको सट्टा वा मृत्युको सट्टामा पनि मानिसले शान्ति रोज्छ भनेर तपाईंलाई थाहा छैन? स्वविवेक वा आत्मनिर्णयको स्वतन्त्रता जस्तो मानिसलाई धरापमा पार्ने अरू कुनै थोक छैन। त्यो आत्मिनिर्णयको स्वतन्त्रताले गर्दा उसले पाउने महान् कष्ट अरू कुनै छैन।" सुरो भएर बोलेको त्यस न्यायधिसले भनेको कुरो ठीक थियो। मानव जगतले स्वतन्त्रताको नाउँमा कष्टहरू सोच्नुहोस्। त्यसले पिडा, पाप, दुष्टता, दुःख र मृत्यु पनि ल्याइरहेको हामी पाउँछौं। चाहे त्यस स्वतन्त्रतालाई उचित रूपमा पालन गर्न खोजेर होस् वा दुरुपयोग गरेर होस्। तर परमेश्वरले हामीहरूलाई माया गर्ने खालका मानिसहरू सृष्टि गर्नुभएको थियो। यदि हामीहरू स्वतन्त्र भएनौं भने हृदयदेखि माया वा प्रेम देखाउने भनेको के हो सो बुझ्न सक्ने थिएनौं। यस संसारमा ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् बिबादको निर्णायक युद्धमा मानिसहरूलाई प्रभाव पार्ने पवित्र र महँगो स्वतन्त्रताको बरदानको ठूलो भूमिका रहेको हुन्छ। (त्यो स्वविवेकको स्वतन्त्रता कतिको महँगो छ भनेर क्रुसले देखाउँदछ। कतिपय**

मानिसहरूले पश्चाताप गरेर येशूलाई आफ्नो हृदय दिनुभएको कथाहरू हामीले यस अध्यायमा हेर्‍यौं। अरूले दूत वा आवाजलाई मारे। परमेश्वरले दिनुभएको आत्मनिर्णयको स्वतन्त्रता अत्यन्त बहुमूल्यको छ। त्यसलाई उपयोग गर्ने कि दुरुपयोग गर्ने वा त्यसलाई के गर्ने भन्ने बिषयमा हामी धेरै गम्भिर हुनुपर्छ।

**चिन्तनमनन:**

अ. ख्रीष्टमा हुने र हुनुपर्ने एकतालाई नयाँ करारले औंल्याएकोमा कुनै प्रश्न छैन। यो अत्यन्त प्रभावकारी धारणा हो। तर दुर्भाग्यवस भौगोलिक, जातिय भावना र राष्ट्रियरूपमा मानिसलाई पूर्वाग्रहको भारी बोकाएर अनेकौं अति खराब कामहरू भइरहेको पाइन्छ। त्यस पूर्वाग्रह वा एक मानिसले अर्को मानिसलाई हेप्ने प्रवृत्तिले गर्दा कस्ता कस्ता दु:खकष्ट सतावत ल्याए भन्ने पूरा विवरण परमेश्वरलाई मात्र थाहा छ। येशूलाई विश्वास नगर्ने वा माया नगर्ने संसारमा त्यो त अपेक्षा गरिन्छनै तर हामीहरूको आफ्नै चर्चमा हुने त्यो प्रवृत्तिलाई हामी के भन्ने? त्यो पूर्वाग्रह राख्ने वा अरूलाई मान्छे नगन्ने मनस्थिति एक आपसमा कसरी देखाइरहेको छ? मानिसमा हुने त्यो प्रवृत्ति सुसमाचारको मौलिक सिद्धान्तको बिपरित किन छ?

आ. कतिपय समयमा हामीले परमेश्वरको वचन सुन्दा हामीहरूको हृदय छिया छिया भएको अनुभव गर्दछौं। तपाईंको हृदयमा पवित्र आत्माले बोल्नुभयो वा विवेकमा बाइबलसम्मत आवाज तपाईंमा आयो भने तपाईंले कसरी जवाफ दिने? ख्रीष्ट र शैतानको बीचमा हुने महान् बिबादको युद्धको मूल थलो मानव हृदय हो। तपाईंले गर्ने निर्णयले तपाईं कस्को पक्षमा हुनुहुन्छ भनेर तपाईंले कसरी देखाउने?